निर्णयहरु:

१. आगामी आर्थिक बर्षका लागि नेपाल सरकारका तर्फवाट प्रस्तुत भएको नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन गर्ने सम्बन्धमा सवै मन्त्रालय/सचिवालय/आयोगका तर्फबाट तयार भई प्राप्त हुन आएका Implementation Action Plan, Operational Manual, Result/Monitoring Management Plan & Innovative Schemes हरुमा छलफल गरियो । सबै निकायहरूले आफ्नो तर्फबाट तयार गर्नुपर्ने सबै दस्तावेजहरुलाई थप परिमार्जन गरी ३ दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको राष्ट्रिय सुरक्षा, सुशासन र नतिजा व्यवस्थापन अन्तर्गतको नतिजा व्यवस्थापन महाशाखामा (adhikerikb@yahoo.com; ardhakal@hotmail.com) अनिवार्य रूपमा आइपुग्ने गरी पठाउने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उल्लेखित विवरण पठाउँदा सम्बन्धित माननीय उपप्रधानमन्त्री र माननीय मन्त्रीज्यूहरुसँग पर्याप्त छलफल गरेर मात्र पठाउने ।

३. नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटसम्बन्धी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हुने बैठकमा सचिव आफैं उपस्थित हुने व्यवस्था मिलाउने । विशेष कारणबस उपस्थित हुन नसक्ने अवस्था भएमा पूर्व जानकारी गराउनका अतिरिक्त तोकिएको १ जना सहसचिव (अर्को बैठकमा अर्को आउने ब्यवस्था हटाउने) अनिवार्य रुपमा उपस्थित हुने व्यवस्था मिलाउने । त्यसैगरी यस विषयमा पत्राचार गर्दा सचिव आफैले लेखि पठाउने ।

४. मिति २०७५ आषाढ २५ गते सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा सचिव स्वंयले प्रस्तुति गर्ने कार्यक्रम भएको हुँदा विशिष्ट प्रस्तुतिको तयारी गर्ने ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मुख्य सचिव

Scanned by CamScanner